# ईश्वरपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ईश्वरपुर, सर्लाही
### आ.व. २०७९/०८० को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्ती सम्वन्धी
### बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ (च) बमोजिम ईश्वरपुर नगरपालिका र लालवन्दी नगरपालिकाको सीमामा रहेको फुलजोर खोलावाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल संकलन/उत्खनन गरी बिक्रि कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.व. २०७९/०८० को जेठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तको अधिनमा रही चालु आ.ब. २०७९/०८० को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सो फर्म वा कम्पनी कार्य गर्न योग्य भएको र कालोसूचिमा नपरेको स्वंघोषणा पत्र सहित तोकिएको दस्तुर रकम नगदै वा यस कार्यालयको नेपाल बैंक लिमिटेड वयलवास शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १०९०३००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रीतपुर्वकको गोप्य वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नम्बर र आर्थिक बर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण | उत्खनन् हुने अधिकतम परिमाण (घन फिटमा) | बोल कबोल गर्नुपर्ने न्यूनतम रकम अंक वार्षिक (VAT बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| River-01/2079/080 | फुलजोर खोला (फुलजोर पुल भन्दा ५०० मि. माथी) स्थान नं. १ | ६,५०,००० | ४०,००,०००।- | ३,०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| | फुलजोर खोला (फुलजोर पुल भन्दा ५०० मि. माथी) स्थान नं. १ | २,७०,००० | | | |
| | झिम खोला खैरा नाका | ८०,००० | | | |
| River-02/2079/080 | बाँके खोला, गौशाला न.पा. को क्रसर तिरको स्थान , स्थान १ | १९,१०,०००।०० | १,००,००,०००।- | ३,०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| | बाँके खोला, गौशाला न.पा. को क्रसर बाट ५००मि. दक्षिण १२ नं टोल , स्थान २ | १,४०,०००।०० | | | |
| | बाँके खोला, गौशाला न.पा. को क्रसर बाट २.०२ कि.मि. दक्षिण १२ नं टोल , स्थान ३ | ४,५०,०००।०० | | | |

१. इच्छुक वोलपत्र दाताहरुले रु. ३,०००।- दस्तुर फिर्ता नहुने गरी कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गरि सक्नु पर्नेछ।

२. खरिद भएको वोलपत्र फाराम भरी मिति २०७९/१०/१३ गते दिउसो १२ :०० भित्र कार्यालयमा दर्ता गर्नु पर्नेछ। दर्ता भएका वोलपत्र फाराम सोही दिन दिनको १:०० बजे खोलिने छ।

३. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ।

४. शर्तहरु तथा अन्य विस्तृत विवरण कार्यालयको website :- www.ishworpurmun.gov.np मा राखिएको छ।